


# स्मारिका

पच्चिस बर्ष स्थापनाको
उपलक्ष्यमा प्रकाशित

# धुलिखेल अस्पताल जनजागरणको प्रतिफल

– बेलप्रसाद श्रेष्ठ

धुलिखेल पहिले गाउँ पञ्चायत थियो । नगर पञ्चायत हुनुअघि स्थानीय र वरपरका बासिन्दाहरूको स्वास्थ्योपचारका लागि हामीले एउटा स्वास्थ्यकेन्द्र चलाएका थियौं । त्यसलाई 'फ्यामिली क्लिनिक, धुलिखेल' नाउँ दिइएको थियो । क्लिनिकका लागि कृष्णगोपाल धुँजू श्रेष्ठले आफ्नो घर निःशुल्क दिएका थिए । त्यहाँका हेल्थ असिस्टेन्ट शिवनारायण भुखजू र सहयोगी चुनियालाल माकजू थिए । त्यस क्लिनिकलाई त्यस बेला बनेपाको शीर मेमोरियल अस्पतालमा काम गर्न अमेरिकाबाट आएका जेरल बङ्गरले पनि सहयोग गरेका थिए । उनी धुलिखेल लजमा बस्ने गर्थे ।

फ्यामिली क्लिनिक बेलुका १ घन्टाजति खुल्थ्यो । हामी निःशुल्क औषधिहरू विभिन्न स्रोतबाट सङ्कलन गरी वितरण गर्थ्यौं । आफूसँग नभएका औषधिहरूचाहिँ किन्न लगाउँथ्यौं । सुई दिने, रक्तचाप र रगत जाँच्ने, ज्वरो नाप्ने आदि काम पनि त्यहाँबाट हुन्थ्यो । डा. रामकण्ठ माकजू श्रेष्ठ अस्ट्रियाबाट बिदामा आउँदा औषधि र उपकरणहरू ल्याइदिन्थे । इन्जेक्सन दिने सिरिन्ज स्टेरेलाइज गर्न उनले अस्ट्रियाबाट अत्याधुनिक मेसिन नै ल्याइदिएका थिए ।

त्यति बेलासम्म पनि शिक्षाको कमीले होला स्थानीय मानिसहरूमा रूढिग्रस्त विचार यथावत थियो । धुलिखेलको कुनै मानिस अचानक बिरामी पर्‍यो भने देउता रिसाएको, भूत लागेको वा दिनदशा बिग्रेको भन्ने मानसिकता थियो । सामान्यतः धुलिखेलमा सरकारी आयुर्वेदिक औषधालयले बिरामीहरूको औषधोपचार गर्ने गर्दथ्यो । एलोपेथिक पद्धतिको इलाज बिरामीहरूलाई लामो समयसम्म कम्पाउन्डर नरबहादुर भण्डारीले निजी क्लिनिकबाट गरिरहेका थिए । धुलिखेलकै काजीलाल ब्यान्जू र उनका नाति केवल वैद्य (ब्यान्जू) ले पनि धेरै वर्षसम्म व्यक्तिगत क्लिनिकका माध्यमबाट जनतामा स्वास्थ्यसेवा पुऱ्याइरहे । बनेपाका कम्पाउन्डर कृष्णप्रसाद श्रेष्ठ, बलराम वैद्य र कृष्ण वैद्यले पनि धुलिखेलवासीहरूमा राम्रो स्वास्थ्यसेवा पुऱ्याएका थिए । पाटनका जुजु वैद्यले धुलिखेलेहरूलाई पुऱ्याएको स्वास्थ्यसेवालाई पनि बिर्सन सकिँदैन । बिरामीलाई निको पार्ने परम्परागत चिकित्सा-पद्धति धामी-झाँक्री र झारफुक पनि धुलिखेल र यसवरपर यथावत थियो ।

शीर मेमोरियल मिसन अस्पताल बनेपामा स्थापना भएपछि धुलिखेलवासीहरूले एलोपेथिक पद्धतिअनुसारको चिकित्सा-पद्धति पाउने क्रमको सुरुवात भयो । धुलिखेलका बासिन्दाहरूमा स्थानीय स्तरको औषधोपचारले निको नभएपछि काठमाडौंतर्फ लाग्नुपर्ने बाध्यता थियो ।

एकपटक धुलिखेलको कुनै मानिसको मृत्यु भएपछि मलामी जाने क्रममा धुलिखेलेहरूले आपसमा 'यो मान्छे समयमा राम्रो उपचार नपाएर मऱ्यो, यहाँ एउटा सुविधायुक्त अस्पताल भइदिएको भए यसको ज्यान जोगाउन सकिन्थ्यो' भन्ने कुरा गरेको मैले सुनें । त्यो कुरा मृतकको सद्गतिको कार्य भइरहँदा मलामीमा पुगेका मानिसहरूबीच चलेको थियो । म धुलिखेलेहरूको मृत्युमा अनेकौंपटक मलामी गएको छु । कहिलेकाहीं त एउटाको मलामी गएर घर फर्किन नपाउँदै अर्काको मलामी जानुपर्थ्यो । त्यस्तो बेलामा मसानघाटमा स्थानीय बासिन्दाहरू मलाई सङ्केत गर्दै 'यो मान्छे अरू कामहरू त गर्छ, तर एउटा अस्पताल बनाउँदैन' भन्ने कुरा गर्थे । यस्तो वचनवाण आफ्नै दाजुभाइहरूबाट सुन्नुपर्दा मलाई साह्रै नरमाइलो र दुःख

# शुरुवाती दिनका केहि स्मरणहरु

– प्रोफेसर डा. राजेन्द्र कोजु

स्मरण एक

'डा साब, डा साब, बिरामी ल्याएको थियो ।'

झ्याल मुन्तिरै सेक्युरिटी दाइले बोलाउनु भयो । ल्याण्ड लाइन फोननै सिमित भएको बेलामा, मोबाइलको कुरै भएन । त्यति बेला आफ्नो घरमा पनि फोन थिएन ।

बेलुकीको करिब ११ बजेको थियो । २०५३ सालको कुरा ।

अस्पतालमा बहिरंग बिरामी मात्र हेर्ने गरेका थियौं । दुइ तीन महिना भएको थियो । दिउसो आएका बिरामीहरुको उपचारका क्रममा भर्ना गर्नु पर्ने भए भर्ना गर्ने गरेका थियौं । तर रातीको आकस्मिक सेवा शुरु भएको थिएन । दिउसो काम गर्ने पनि डा राम र म मात्रै थियौं ।

अस्पतालमा गाडी, मोटर साइकल थिएन ।

आवाजले गर्दा होला एक जनाबर हाम्रो अघिबाट उफ्रदै बारी तीर दौड्यो । हामी झसङ्ग भयौं । कुकुर पनि होइन । कुकुरहरु बस्ती कटेपछि भेटिन्थे । किराको आवाज सुनिन्थ्यो । हाम्रो पाइला हामी दुइको साथ पछ्याउदै अघि बढ्दै गए । हिड्दा किराको आवाज रोकिन्थ्यो । अघि बढ्दा आवाज फेरी पछाडि बाट आउन शुरु गर्थ्यो ।

चितुवाको डर, झ्याउँकिरिको आवाज र हामी हाम्रो अस्पताल अगाडि, उत्तिकै अन्धकारमा पुगियो ।

भित्र बहिरंग बिरामी हेर्ने कोठा सँगैको सानो प्रोसेड्यूर कोठामा बिरामी रहेछन् । भर्ना भएर बसेको बिरामीको सेवामा खटिएका सिस्टरलाई हामी मद्दत गर्न पुग्यौं । बिरामीलाई गाँउबाटै अँध्यारोमा टर्च बाल्दै बोकेर ल्याएको रहेछ । आवश्यक सोधपुछ र जाँच पछि आवश्यक उपचार गरेर भर्ना गरियो । केहि आराम भएपछि, हामी फर्कियौं ।

# अझै पनि हिजो जस्तै लाग्छ ।

## बाल रोग विभागको कथा

डा सृजना डंगोल



# DHULIKHEL HOSPITAL

## We Care



# त्यो सन्देशमूलक बोर्ड

प्रा.डा. सुमनराज ताम्राकार



भुकम्पका दिनहरु
त्रासदीका दिनहरु
अझ थप जिम्मेवारी
तर निरन्तर हाम्रा सेवाहरु



# कोरोना

कहरले जिउन सिकाएको नयाँ जीवन



# No one has quit job during pandemic in Dhulikhel Hospital in spite of unprecedented impact of Covid-19 and upheaval financial turnover

Rajendra Dev Bhatt
Clinical Biochemist/ Asst. Professor
Clinical Biochemistry & Laboratory Medicine





Library where we sit and grow



# WHAT IS PHYSIOTHERAPY?

# Dhulikhel Hospital at 25

Dr Abha Shrestha
1996-2023; Department of Obstetrics and Gynecology, Dhulikhel Hospital

It gives me immense pleasure to say that our department is one of the oldest departments in the hospital. Since the beginning Dhulikhel hospital has provided maternal and child health care. I had a special interest in Obstetrics and gynecology from the very beginning. I joined Dhulikhel hospital as a medical officer in the department of Emergency Medicine. In those days we hardly had fifty patients in a day. When the patient number crossed 50, we use to say it was a busy day.

I remember one evening in 2004, when a pregnant lady visited us, she was

we have our own building for mother and children. We have emergency services only carering women with obstetrics and gynecological issues. We have antenatal clinic where more than 100 pregnant women visit us each day. We have more than 4000 deliveries in a year. We have high risk pregnancy unit and a maternal High dependency unit where we look after women with many co-morbid problems along with pregnancy. We have Mid wifery led birthing unit where women have a choice to deliver in a homely environment.

# गर्भावस्थाको रेखदेख र आमाहरूको बुझाइ

## अन्धविश्वासको भुमरीमा हराइन् ती सानी नानी

डा. स्वेच्छा अधिकारी
बाल रोग विशेषज्ञ रेसिडेन्ट



# धुलिखेल - अस्पताल
# र मस्तिस्क सम्बन्धि (न्यूरो) सर्जरी

धुलिखेल - दुर्गमले घेरिएको सहर । आफै आफ्नो प्रवाहमा सुगम हुने प्रयासरत सहर । नेपालको परिवेश जस्तै सहरीकरण तर्फ उन्मुख सहर । आफ्ना सास्कृतिक धरोहरलाई आफ्नो सामर्थ्यले भ्याएसम्म संरक्षण गरेर स्वाभिमानले उभिएको सहर । आफ्नो देशले लिएको जस्तै उस्तै विकासको बाटो लिदै गरेको सहर । देशले यो सहरलाई सिकाएको छ। शिक्षा र स्वास्थ्य शहरले आफ्ना नागरिकलाई दिन पर्छ।

बन्दै गरेको देशलाई, एक सुव्यवस्थामा भई नसकेको देशले आफ्ना नागरिकलाई खासै केहि दिन सक्दैन । व्यवस्था नभएको देशलाई एक व्यक्तिले अथवा त्यहाँका जिम्मेवार नागरिकले दिने हो। अव्यवस्थित देशलाई व्यक्तिले व्यवस्थित बनाउने हो । नत्र सधै देश अव्यवस्थित को दलदलमा भासिरहन्छ । एक एक जिम्मेवार व्यक्तिहरुले हो आफ्नो जिम्मेवारी बुझेर आफ्नो क्षेत्रलाई स्वस्थ र प्रगति उन्मुख बनाउने ।

यस्तै आफ्नो जिम्मेवारी सम्झेर स्वास्थ्य क्षेत्रमा उभिएको एक संस्था धुलिखेलले पनि हुर्काएको छ । यहाँका व्यक्तिहरुले हुर्काएका छन् । एक अर्को अस्पतालमात्र नभएर यहाँका मानिसहरुले आफ्नो सहरमा एकमात्र अस्पताल उभाएका छन् ।

यस अस्पतालमा एक नेपालको अस्पतालले दिन सक्ने प्राय सेवाहरु छन् । यस अस्पतालभित्र अर्को एक सेवा छ जो हालसाले यस संस्थाभित्र विकासको गति लिदै छ - न्यूरो सर्जरी विषय ।

न्यूरो सर्जरी अर्थात स्नायु विज्ञान अर्थात मस्तिस्क भित्र भएका रोगहरुको चिरफार पद्धति द्धारा उपचार ।

# धुलिखेल अस्पताल ल्याबोरेटोरी

अस्पतालमा ल्याबोरेटोरीको महत्वको हरेक बिरामी र डाक्टरलाई प्रस्ट थाहा छ । बिरामी अस्पताल आएपछि रतल दिशा पिसाबको जाँच गर्न ल्याबतर्फ जान्छन । डाक्टरहरुले पनि जाँच गर्न भनेर ल्याबतर्फ पठाउँछन् । ल्याबोरेटोरी बिना उपचार गर्नु भनेको अध्यारोमा फल भएको रुखमा झटारो हान्नु जस्तो हो ।

धुलिखेल अस्पतालको ल्याब देशकै उत्कृष्ट मध्यको एक हो । कोरोनाकालमा माइक्रोबायोलोजी ल्याबले गरेको योगदान अविस्मरणीय छ । बायोकेमेष्ट्री ल्याब र प्याथोलोजी महत्व पनि कमको छैन । प्याथोलोजीले दिएको रिपोर्ट अनुसार बिरामीको उपचार पद्धती निर्धारण हुन्छ ।

हाम्रो ल्याबले पनि २५ बर्षको दौरानमा अनेक अवरोहहरू पार गरेर आएको छ । एक कोठाबाट सुरु भएको अस्पतालको ल्याबले अहिले ठुलो भवनको एक र आधा तला ओगटेर बिरामीहरुलाई उत्कृष्ट सेवा दिइरहेको छ । ल्याबको प्रगतिमा देशी विदेशी सुभचिन्तकहरुको सहयोग अस्पतालले सधैं सम्झिरहने छ ।

# हाम्रा आदरणीय अतिथीहरुको साथ



# नमन ती आत्माहरूलाई

श्रावन ८ गते



# पच्चिस बर्ष पछिको पहिलो दिन...




हर्ष र उल्लासको
दिन ।
अनेकौं देखिएका
सपनाहरुको क्षितिज
पुगेको दिन ।

यी सेवाहरुमा पाइने
आत्मसन्तुष्टि
यसैमा जिन्दगी छ

फेरी अर्को विहान
क्षितिज तर्फको
यात्रामा लम्कनु छ ।




DHULIKHEL HOSPITAL
Kathmandu, Nepal